# नगर स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि ,२०७९

नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०७९/०८/२५

प्रस्तावना : सामुदायिक विद्यालयको आधारभुत तथा माध्यमिक तहमा विषयगत शिक्षकको उपलब्धतामा वृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा अपेक्षित सुधार गर्ने उद्देश्यले विद्यालय क्षेत्र विकास कार्यक्रमले लक्षित गरे अनुसार नगर स्यंसेवक शिक्षक अनुदान तथा शिक्षक व्यवस्थापनलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले कर्जन्हा नगरपालिकाले यो कार्यविधि वनाई लागु गरेको छ ।

## परिच्छेद-एक

## प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "नगर स्यंसेवक शिक्षक व्यवस्थापन कार्यविधि ,२०७९"रहेको छ ।

२ **परिभाषा :** यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

(क) "अनुमति" भन्नाले शिक्षा ऐन, २०२८ तथा शिक्षा नियामावली, २०५९ अनुसार तोकिएको निकायले दिएको स्वीकृत वा अनुमति सम्झनु पर्छ ।

(ख) "इकाइ" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनुपर्छ ।

(ग) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ ।

(घ) "दरवन्दी" भन्नाले संघिय सरकारवाट विद्यालयलाई प्राप्त स्वीकृत शिक्षक दरवन्दी जनाउछ ।

(ङ) "नियामावली" भन्नाले शिक्षा नियमावली ,२०५९ सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(छ) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(ज)"स्थानिय तह" भन्नाले कर्जन्हा नगरपालिका सम्झनु पर्छ ।

(झ) "नगर स्वयं सेवक शिक्षक" भन्नाले आधारभुत तथा माध्यमिक तहका विद्यालयमा शिक्षक अभावलाई कम गर्नका लागि नियुक्त गरिएको स्वयंसेवक शिक्षक सम्झनु पर्छ ।

कर्जन्हा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कर्जन्हा, सिरहा मधेश प्रदेश (नेपाल)

भोला प्रसाद पोखरेल
नगर प्रमुख

Scanned with CamScanner

(ञ) "समिति" भन्नाले नगर स्वयं शिक्षक पदपुर्ति तथा सिफारिस समिति सम्झनु पर्छ ।

## परिच्छेद-दुई

## विद्यालयमा छनौट तथा नगर स्वंयसेवक शिक्षक अनुदान वितरण

**३. विद्यालय छनौटका आधारहरु :-**

नगर स्वयंसेवक शिक्षक वितरणका लागि विद्यालय छनौटका आधारहरु देहाय् बमोजिम हुनेछन:

(क) आधारभुत तहमा कक्षा १-५ र कक्षा ६-८ तथा माध्यमिक तहमा कक्षा ९-१०को अनुमति लिएको हुनुपर्ने ।

(ख) विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठन भएको हुनुपर्ने ।

(ग) विद्यालयले नियमित रुपमा सामाजिक परीक्षण गरेको हुनुपर्ने ।

(घ) विद्यालयले अधिल्लो वर्षको लेखापरीक्षण गरेको हुनुपर्ने ।

(ङ) विद्यालयले नियमित रुपमा एकीकृत शैक्षिक तथ्याङ्क (IEMIS) भएको हुनुपर्ने ।

कर्जन्हा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्जन्हा, सिरहा
मधेश प्रदेश (नेपाल)
स्था.-२०७३

**४.विद्यालय छनौट प्रक्रिया :**

(१) स्थानिय तहले आफ्नो क्षेत्र भित्र रहेका सामुदायिक विद्यालय मध्येबाट दफा ३ का आधारमा विद्यालयको सुची तयार हुनुपर्ने ।

(२) उपदफा (१)अनुसारको सुची तयार गर्दा आधारभुत तह कक्षा १-५ र कक्षा ६-८ मा कक्षागत दरवन्दी नभएका र माध्यमिक तह कक्षा (९-१०)मा विषयगत दरबन्दी नभएका विद्यार्थीहरुको प्रथामिकताक्रम तोकी तयार गरिने छ ।

(३) स्थानिय तहले आफुलाई प्राप्त स्वयंसेवक शिक्षकको संख्या अनुसार उपदफा (२) बमोजिम तयार भएको प्राथमिकता सुचीको आधारमा विद्यालय छनौट गरिने छ ।

(४) उपदफा (३) बमोजिम विद्यालय छनौट गर्दा दुई वा सो भन्दा बढी विद्यालय एउटै मितिमा अनुमति लिएका रहेछन् भने विद्यार्थी संख्या बढी भएको विद्यालयलाई गरिने छ ।

भोला प्रसाद पोखरेल
नगर प्रमुख

५.नगर स्वयंसेवक शिक्षक वितरण :-

१.आधारभुत तह (१-८) सम्ममा प्रति कक्षा एक शिक्षक हुने गरी विद्यालयमा रहेका दरबन्दीको आधारमा आवश्यकताको अनुसार थप स्वयंसेवक शिक्षक उपलब्ध गराउनुपर्ने र माध्यमिक तह(९-१०)मा विषयगत आधारमा हुने गरि विद्यालयमा रहेका दरबन्दीको आधारमा आवश्यताको अनुसार थप स्वयंसेवक शिक्षक उपलब्ध गराइनेछ ।

२.स्वीकृत बजेटको परिधिभित्र रहि छनौट भएका विद्यालयहरुमा नगर स्वयंसेवक शिक्षक खटाइनेछ ।

## पच्छिेद-तीन

## शिक्षक नियुक्ति र सेवा शर्त सम्बन्धी व्यवस्था

कर्जन्हा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कर्जन्हा, सिरहा मधेश प्रदेश (नेपाल) स्था.-२०७३

### ६. शिक्षक भर्ना सम्बन्धी व्यवस्था:

यस नगरपालिकाले नगरस्वंयसेवक शिक्षकको भर्ना देहाय बमोजिमका आधारमा गरिनेछ ।

(१) कार्यालयको सुचना पाटी,वेभसाइट तथा अन्य कुनै सार्वजनिक स्थलमा तह ,पद, संख्या, आवश्यक न्यूनतम योग्यता , दरखास्त बुझाउने स्थान तथा अन्तिम मिति ,परीक्षा मिति,स्थान,सेवा क्षेत्र तथा सम्वन्धित सेवा समूह समेतको विवरण खुलाई १५ दिनको खुल्ला विज्ञापन प्रकाशन गर्नुपर्ने छ।

(२) आवेदन दस्तुर: आधारभुत तहको (१-५) को रु. ७००.०० (सात सय मात्र), आधारभुत तहको (६-८) को रु. ७००.०० (सात सय मात्र) र माध्यमिक तहको (९-१०) को रु. १०००.०० (एक हजार मात्र) हुने र आवेदन फारमको नमुना अनुसुची १ बमोजिम हुने छ ।

(३)स्वयंसेवक शिक्षक छनौटका लागि देहाय बमोजिम नगर स्वयंसेवक शिक्षक पदपुर्ति तथा सिफारिस समिति गठन गरिने छ ।

क. प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी - अध्यक्ष्य

ख. वडाध्यक्षहरु मध्येवाट नगर प्रमुखले तोकेको दुई जना -सदस्य

ग. सम्वन्धित विषयको विषय विज्ञ एक जना -सदस्य

घ. शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(४) नगर स्वयंसेवक शिक्षक पदपुर्ति तथा सिफारिस समितिको काम ,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

भोला प्रसाद पोखरेल
नगर प्रमुख

Scanned with CamScanner

क.नगर स्वयंसेवक शिक्षक व्यबस्थापन कार्यबिधिले तोकिएको मापदण्डको आधारमा परिक्षा सञ्चालन गर्ने ,

ख.विषयविज्ञहरु आवश्यकता बमोजिम चयन गर्ने

ग.प्रश्नपत्र,परीक्षाकेन्द, केन्द्रध्यक्ष ,निरीक्षकहरुको चयन गर्ने ,

घ. परीक्षालाई स्वच्छ मर्यादित र सुरक्षित वातावरणमा सम्पन्न गराउन आवश्क रेखदेख ,समन्वय र अनुगमन गर्ने ,

ङ. परिक्षमा अनियमित काम गर्ने कर्मचारीलाई प्रचलित कानुन बमोजिम कार्यवाही गर्ने /गराउने ,

च.नगर स्वयंसेवक शिक्षक नियुक्तिको लागि सिफारिस गर्ने ,

छ .विद्यालयको सिफारिसमा स्वयंसेवक शिक्षकको करार सम्झौता रद्द गर्ने ,

ज. शिक्षण सिकाई उपलब्धि मुलक बनाउन स्वयंसेवक शिक्षकलाई आवश्यकता अनुसार तालिमको व्यवस्था मिलाउने ।

(५) उपदफा १ बमोजिम प्रकाशित विज्ञापनमा देहायका व्यक्ति उम्मेदवार हुन पाउने छ ।

(क) आधारभुत तह (१-५) का लागि प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ( शिक्षा विषयलाई प्रथामिकता दिइनेछ ।

(ख) आधारभुत तह (६-८) का लागि सम्वन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको (शिक्षा विषयलाई प्रथामिकता दिइनेछ ।

(ग) माध्यमिक तह (९-१०)का लागि सम्वन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको शिक्षा विषयलाई प्रथमिकता दिइनेछ ।

(घ) नेपाली नागरिक हुनुपर्ने ।

(ङ) १८ वर्ष उमेर पुगेको र ४० वर्ष उमेर पुरा नभएको ।

(च) मगज नविग्रेको ।

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरीएको ।

(ज) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवावाट वर्खास्त नगरिएको ।

कर्जन्हा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कर्जन्हा, सिरहा मधेश प्रदेश (नेपाल) स्था.-२०७२

भोला प्रसाद पोखरेल
नगर प्रमुख

**७. नगर स्वयंसेवक शिक्षकको सेवा शर्त सुविधा :** यस कार्यविधि अनुसार स्वयंसेवक शिक्षकमा भएका शिक्षकले देहाय अनुसारको सुविधा पाउने छ ।

(१) माध्यमिक तह (९-१०) को शिक्षकलाई मासिक रु. २५०००।०० ( पचिस हजार मात्र) आधारभुत तह (६-८) को शिक्षकलाई मासिक रु. २००००।०० (विस हजार मात्र) र आधारभुत तह (१-५) को शिक्षकलाई मासिक रु.१५०००।००(पन्ध्र हजार मात्र) हुनेछ ।र पोशाक खर्च वार्षिक रुपमा एक पटक रु.१०,०००।-(दश हजार मात्र)पाउने छ ।

(२). शिक्षकले चाडपर्व खर्च पाउने छ ।

(३) कार्यबिधि बमोजिम करार सेवा दिने व्यक्तिले नेपाल सरकारले राजपत्रमा प्रकाशित गरेको सार्वजनिक बिदा बाहेक शिक्षा नियामावलिमा तोकीय अनुसारको भैपरि र पर्व विदा मात्र पाउने ।

(४) यस कार्यविधि अनुसार नियुक्ति भएको शिक्षकले सेवा करारमा उल्लेखित भन्दा थप सुविधा नपाउने र थप सुबिधाको लागि दावी गर्न नपाउने ।

**८. परीक्षा सम्बन्धी व्यबस्थापन :**

नगर स्वयंसेवक शिक्षक करारमा राख्ने प्रयोजनको लागि परीक्षा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

१. नगर स्वयंसेवक शिक्षक छनौट सम्बन्धी परीक्षाको पूर्णाङ्क र उत्तिर्णाङ्क देहाय बमोजिम हुनेछ ।

क. लिखित परीक्षा : पूर्णाङ्क १०० अंक र उतिर्णाङ्क ४० अंक

ख. अन्तर्वार्ता : पूर्णाङ्क ५० अंक र उतिर्णाङ्क २० अंक

२. उपदफा १ को (क) बमोजिम लिइने लिखित परीक्षमा विषयगत प्रश्नहरु ६० अंक र बस्तुगत प्रश्नहरु ४० अंक हुनेछ ।

३. उपदफा १ को (क) बमोजिम लिखित परीक्षमा सफल भएका उम्मेदवारहरुलाई उपदफा १ को (ख) बमोजिम लिइने अन्तर्वार्तामा निम्नानुसार मुल्यांङ्कन गरिने छ :

क. शैक्षिक योग्यता -१० अङ्क

न्यूनतम योग्यता -७ प्रथम ) ५ द्धितीय श्रेणी

माथिल्लो योग्यता -३ प्रथम) २ द्धितीय श्रेणी) १ तृतीय श्रेणी

ख. तालिम - ५ अङ्क )शिक्षा शास्त्र वा १० महिना तालिम (

प्रथम श्रेणी ५ अङ्क द्धितीय श्रेणी .३. तृतीय २

कर्जन्हा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्जन्हा, सिरहा
मधेश प्रदेश (नेपाल)
स्था.-२०७२

भोला प्रसाद पोखरेल
नगर प्रमुख

श्रेणी नतोकेको हकमा द्धितीय श्रेणी मानिने छ।

ग. स्थायी ठेगाना १० - अङ्क

सम्बन्धित वडा १०- अङ्क

सम्बन्धित न.पा. ८- अङ्क

सम्बन्धित जिल्ला -४ अङ्क

सम्वन्धित प्रदेश -२ अङ्क

घ.कार्य अनुभव -५ अङ्क प्रति वर्ष कार्यअनुभवको ( १ अङ्कका दरले)

ङ.अन्तर्वार्ता : २० अङ्क

४.उपदफा १ को बमोजिम लिइने अन्गर्वार्तामा अङ्क७० प्रतिशत भन्दा माथि र प्रतिशत भन्दा कम दिदा कैफियत उल्लेख ३५ गरिने छ।

५. पहिलो चरणको लिखित परीक्षा र दोश्रो चरणमा अन्तर्वाताबाट प्राप्तङ्कको आधारमा अन्तिम नतिजा प्रकाशित गरिने छ।

कर्जन्हा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कर्जन्हा, सिरहा मधेश प्रदेश (नेपाल) स्था.-२०७२

**९.अन्तिम नतिजा प्रकाशन सम्बन्धी ब्यवस्था :**

(१) दफा ८ बमोजिम सवैभन्दा वढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरुको दफा ६ को उपदफा ३ वमोजिमका समितिको सिफारिसको आधारमा कार्यालयले उम्मेदवारको रोलनम्बर ठेगाना आदि समेत उल्लेख गरी अन्तिम योग्यताक्रम अनुसार अन्तिम नाम,थर,नतिजा प्रकाशन गरिनेछ।

(२)उपदफा १ बमोजिम नतिजा प्रकाशन गर्दा पद संख्या भन्दा दोब्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ। गर्दा

(३)उपदफा १ बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो सञ्चारमाध्यबाट जानकारी गराई सोको अभिलेख समेत राखिनेछ। १ वर्ष भित्र पदपूर्ति भएका नगर स्वयंसेवक शिक्षक रित्त भएमा वैकल्पिक उम्मेदवारलाई सिफारिस गरिनेछ।

**१०.करार सम्झौता रद्द गर्न हुने**

(१) देहायको अवस्था भएमा विद्यालयको सिफारिसमा नगरपालिकाले जुनसुकै वखत सम्बन्धित शिक्षकको करार सम्झौता रद्द हुनेछ।

भोला प्रसाद पोखरेल
नगर प्रमुख

Scanned with CamScanner

(क) विना सुचना लगातार १५ दिन सम्म भन्दा बढी विद्यालयमा अनुपस्थित भएमा ,

(ख) करार सम्झौतामा उल्लेख गरिएका शर्तहरु पालना नगरेमा ,

(ग) शिक्षक आचार सहितको पालना नगरेमा ,

(घ) विद्यालयले तोकेको अन्य कार्यहरु सन्तोषजनक रुपमा नगरेमा ,

(२)उपदफा (१) वमोजिम करार सम्झौता रद्द गर्दा शिक्षकलाई सफाई पेश गर्ने मौका नदिई सेवावाट हटाउन पाइने छैन ।

कर्जन्हा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्जन्हा, सिरहा
मधेश प्रदेश (नेपाल)
स्था.-२०७३

## परिच्छेद- चार

## बिभिन्न निकायको भुमिका

**११. स्थानिय तहको भुमिका** नगर स्वयंसेवक शिक्षकका लागि बिद्यालय छनौट तथा वितरणमा स्थानिय तहका भुमिका देहाय बमोजिम हुनेछ ।

क. तोकिएको आधार वमोजिम नगर स्वयंसेवक शिक्षक प्राप्त गर्ने विद्यालयको छनौट गर्ने ,

ख. प्रचलित कानुन वमोजिम शिक्षण सेवा करारमा लिने ,

ग. छनौट भएका नगर स्वयं सेवक शिक्षकको काम कार्वाहीको बारेमा समय समयमा अनुगमन गर्ने ,

घ. शिक्षक सिकाई सुधारको लागि विद्यालयसंग समन्वय गर्ने ,

ङ. नगर स्वयंसेवक शिक्षक व्यवस्थापन सम्वन्धमा भए गरेका काम कार्वाहीको सम्वन्धित निकायमा जानकारी पठाउने ,

च. आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने, गराउने ,

छ. स्वयंसेवक शिक्षकहरुको सेवा ,शर्त र सुविधा निर्धारण तथा संशोधन गर्ने ,

**१२. बिद्यालयको भूमिका** :नगरस्वयंसेवक शिक्षकको लागि छनौट भएका विद्यालयको भूमिका देहाय वमोजिम हुनेछ :

क. छनौट भएका शिक्षकको करार सम्झौता गर्ने ,

भोला प्रसाद पोखरेल
नगर प्रमुख

Scanned with CamScanner

ख. शिक्षकको लागि थप आचारसंहिता आबश्यक पर्ने भए सोको तयारी गरी विद्यालय व्यवस्थापन समितिवाट अनुमोदन गराई कार्यान्वयन गर्ने ,

ग. करार सम्झौता उल्लेख भए अनुसारको सुविधाहरु उपलब्ध गर्नेगराउने ,

**परिच्छेद-पाँच**

**बिबिध**

कर्जन्हा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्जन्हा, सिरहा
मधेश प्रदेश (नेपाल)
स्था.-२०७२

**१३. थप सुबिधा उपलब्ध गराउन सक्ने** यस कार्यविधि अनुसार नियुक्त भएका शिक्षकलाई विद्यालयले आफ्नै स्रोतबाट थप सुबिधा उपलब्ध गराउन सक्नेछ ।

**१४. आन्तरिक कार्यबिधि बनाउन सक्ने**(१) यस कार्यविधिमा उल्लेख भएका बिषयहरुको हकमा यस कार्यविधिको प्रतिकुल नहुने गरी पदपुर्ति तथा सिफारिस समितिले आन्तरिक कार्यविधि तयार गरि नगर शिक्षा समितिबाट स्वीकृत गराई कार्यन्वयन गर्न सक्नेछ ।

**१५. कार्यबिधिको ब्याख्या गर्न सक्ने:** कार्यबिधिमा उल्लेख भएका व्यवस्थाहरुले काम कारवाही अस्पष्टता सिर्जना गरेमा कार्यविधिको मर्म तथा प्रचलित कानुनको प्रतिकुल नहुन गरी आवश्यक व्याख्या गर्ने अधिकार कर्जन्हा नगरपालिकामा हुनेछ ।

**१६. बाझिएमा अमान्य हुने :** यो कार्यविधि प्रचलित कानुनसंग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानुन नै मान्य हुनेछन् र यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ ।

**१७. यसै कार्यबिधि बमोजिम हुने :**यस अधि वडाको अनुदान रकमबाट पदपुर्ति भएको र सामुदायिक विद्यालयले निजि स्रोतबाट शिक्षक नियुक्ति गरेको वा हुने यसै कार्यबिधि बमोजिम भएको मानिनेछ ।

भोला प्रसाद पोखरेल
नगर प्रमुख

Scanned with CamScanner